“बालविवाह, निकृष्ट बालश्रम ,बालहिंसा मुक्त नगर निर्माणका लागि महाअभियान”

# रामधुनी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
# झुमका,सुनसरी

## घोषणा पश्चात निरन्तरताका लागि बालसंरक्षण योजना-२०७७

## रामधुनी नगरपालिका कार्यालयले बालसंरक्षणका लागि कार्यान्वयन गरिरहेको

# बालसंरक्षण कार्ययोजना

| क.स. | समस्या/सवाल | सम्बोधन तथा सुधारका लागि गरिने क्रियाकलापहरु |
|---|---|---|
| १ | बालविवाह | विद्यालय स्तरमा गएर बालविवाह तथा दाइजोप्रथा सम्बन्धी अन्तरक्रिया तथा १,१ घन्टा सत्र संचालन कार्यक्रम गर्ने । |
| २ | | दाइजोप्रथा तथा बालविवाह सम्बन्धी बेलाबेलामा सडक नाटक प्रदर्शन गर्ने । |
| ३ | | किशोर किशोरीहरुलाई शिक्षामा बढी जोड दिने, यसका लागि अतिविपन्न परिवारका बालिकालाई उच्च शिक्षाा अध्ययनका लागि छात्रवृत्ति दिने । |
| ४ | | अभिभावक ,मोलबी मौलाना, पण्डित र समुदायका अगुवा व्यक्तिलाई कार्यान्वयन कार्यदलले कानूनी अभिमुखीकरण गर्ने |
| ५ | | टोल,टोलमा कानूनी सचेतना कार्यक्म संचालन गर्ने । |
| ६ | | बालसञ्जाल तथा ......वटै वडा र टोल स्तरीय बालसमूहहरुलाई बालविवाह र दाइजो प्रथा सम्बन्धी क्षमता अभिवृद्धि तालिम दिने |
| ७ | | बालविवाह भएको घरमा भोज नखाने तथा सहभागी नहुने भन्ने कुरालाई प्रोत्साहित गर्ने र वैवाहिक निमन्त्रणा कार्डमा जन्म मिति लेख्ने सम्बन्धी सचेनतामुलक क्रियाकलाप गर्ने । |
| ८ | | बालविवाह हुन नदिन घर घरमा सचेतना सावधान पत्र टांस गर्ने |
| ९ | निकृष्ट बालश्रम | सचेतनामुलक कार्यक्रम (घरदैलो कार्यक्रम, अन्तरक्रिया, र्‍याली, प्रतियोगितात्मक कार्यक्रमहरु आदि) |
| १० | | हाटेल,उद्योग, व्यापारी, अभिभावक आदि बीच अन्तरक्रिया, छलफल कार्यक्रम सञ्चालन र प्रतिबद्धता संकलन |
| ११ | | निकृष्ट श्रमिक बालबालिकाको तथ्याङ्क अद्यावधिक गर्न |
| १२ | | विद्यालय भर्ना हुन नसकेका १४ वर्षमाथिका र १८ वर्षभन्दा मुनिका बालबालिकालाई रोजगारमुलक तालिम |

| क.स. | समस्या/सवाल | सम्बोधन तथा सुधारका लागि गरिने क्रियाकलापहरु |
|---|---|---|
| | | विशेष गरेर ६ र ९ न.वडाको सरोना र तीन टोलिया गाउँका अति पिछडिएका बालबालिकाका लागि कार्यक्रम |
| १३ | | निकृष्ट बालश्रम र यसको असर, कानूनी व्यवस्था बारे प्रचारप्रसार (पोस्टरिङ, माइकिङ, होडिङ्गबोर्ड, र्‍याली, सडक नाटक |
| १४ | | निकृष्ट बालश्रमिकका परिवारलाई आयमुलक तथा रोजगारमुलक तालिमको व्यवस्था मिलाउने |
| १५ | | निकृष्ट बालश्रम लगाउने व्यापारी, उद्योगधन्दा र अन्य सबैमा बालश्रमका असर, दण्ड सजाय बारेमा राम्ररी जानकारी गराउने । |
| १६ | | व्यापार व्यवसाय दर्ता तथा नविकरण गर्दा बालश्रमुक्त भएको सुनिश्चित गर्ने कार्यलाई निरन्तरता |
| १६ | हिंसा, दुर्व्यवहार, शारीरिक दण्ड सजाय | घरेलू कसूर सजाय नियमित ऐन २०६६ बमोजिम समुदायमा सचेतना काय्रक्रम गर्ने |
| १७ | | विद्यालयमा गुनासो सुनुवाई समिति गठन र परिचालन (सामुदायिक तथा निजी दुबैमा) गर्ने |
| १८ | | अति विपन्न परिवारलाई लक्षित कार्यक्रम (सीपमुलक तालिम दिने र व्यवसाय सञ्चालनका लागि बिउँपूजी व्यवस्थापन) |
| १९ | | अभिभावक, संघसंस्था, बालबालिका तथा विद्यालयमा बालमैत्री आचारसंहिताको व्यापक प्रचार प्रसार तथा पालना |
| २० | | विद्यालय शिक्षक तथा विद्यार्थीहरुसँग नियमित अन्तरक्रिया |
| २१ | | शिक्षकहरुलाई भयरहित शिक्षण सिकाई विधि विषयक तालिम सञ्चालन |
| २२ | | घरेलु हिंसा न्यूनीकरणका लागि अभिभावक तथा बालबालिका बीच अन्तरक्रिया कार्यक्रम सञ्चालन |
| २३ | विद्यालय भर्ना भई नियमित विद्यालयन नजानु | १. अभिभावलाई शैक्षिक सशक्तिकरण कार्यक्रम सञ्चालन गर्ने |
| २४ | | २. बालबालिकालाई विद्यालयमा दिवा खाजाको व्यवस्था गर्ने |

| क्र.स. | समस्या/सवाल | सम्बोधन तथा सुधारका लागि गरिने क्रियाकलापहरु |
|---|---|---|
| २५ | | ३. शिक्षक, अभिभावक तथा विद्यार्थी अन्तरक्रिया सञ्चालन गर्ने |
| २६ | | ४. अति वपन्न परिवारका बालबालिका पहिचान गरी छात्रवृत्ति लगायत पोशाक तथा शैक्षिक सामग्रीहरुको वितरण गर्ने गराराउने । |
| २७ | | विद्यालयमा पारिवारिक वातावरण साथै खेल सामग्रीहरु उपलब्ध गराउने । |
| २८ | लागुपदार्थ सेवन तथा दुर्व्यसन | लागू पदार्थ दुर्व्यसनी सम्बन्धी सडक नाटक देखाउने । |
| २९ | | लक्षित टोल र समुदायमा जनचेतनामुलक तालिम तथा अभिमुखीकरण सञ्चालन । |
| ३० | | ठाउँ ठाउँमा दुर्व्यसनी सम्बन्धी होडिङबोड राख्ने । |
| ३१ | | नगरपालिकाले लागू पदार्थ दुर्व्यसन विरुद्धको आचारसंहिता र निर्देशिका बनाई लागू गर्ने र प्रचारप्रसार गर्ने । |
| ३२ | | १८ वर्षमुनिका बालबालिकालाई चुरोट, खैनी बिक्री वितरण गर्ने कार्यमा रोक लगाउने । |
| ३३ | | घरेलु मदिरा जन्य पदार्थको उत्पादन र व्यवसायलाई वैकल्पिक व्यवसाय गर्न उत्प्रेरित गर्ने । |
| ३४ | | लागू पदार्थ दुर्व्यसनीलाई कडाइका साथ नियम पालना गर्ने । |
| ३५ | आकस्मिक अवस्थामा परेका बालबालिका तथा राजनीतिक गतिविधि, बन्द हड्तालमा बालबालिकाको प्रयोग | जोखिममा पर्न सक्ने वस्ती र समुदाय पहिचान गर्ने र जोखिम नक्साङ्कन गर्ने |
| ३६ | | महिला तथा बालबालिकाका लागि आपत्कालीन कोषको स्थापना र सो कोष सञ्चालन कार्यविधि बनाउने । |
| ३७ | | अल्पकालीन सुरक्षा तथा आश्रय केन्द्र स्थापना गर्ने । |
| ३८ | | बालसंरक्षणका सम्बन्धमा राजनीतिक दलहरुले हस्ताक्षर गरेको बालसंरक्षण आचार संहिताको व्यापक प्रचारप्रसार गर्ने । |
| ३९ | | विपद्को अवस्था पीडित तथा प्रभावितहरुलाई विषयगत क्षेत्रका (संरक्षण, खानेपानी तथा सरसफाई, स्वास्थ्य, उद्धार र पुनर्स्थापना आदि) आधारमा गरिने सहायता सम्बन्धी नगरपालिकाका विषयगत शाखाहरुका कर्मचारी र मुख्य सरोकारवालाहरुलाई तालिम दिई तयारी अवस्थामा राख्ने । |